# त्रियुगा नगरपालिकाको लैङ्गिक हिंसा उद्धार कोष सञ्चालन कार्यविधि, २०७९

*(नगर कार्यपालिकाको मिति २०७९/०७/०६ मा बसेको बैठकबाट पारित)*

त्रियुगा नगरपालिका

उदयपुर

CamScanner

# लैङ्गिक हिंसा उद्धार कोष सञ्चालन कार्यविधि, २०७९

प्रस्तावना

नेपालको संविधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैङ्गिक हिंसाबाट पिडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधी उपचार गर्न वा पुनर्स्थापना गर्ने कार्यको लागि यस नगरपालिकामा लैङ्गिक हिंसा उद्धार कोष स्थापना गरी सो कोषबाट पिडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनका लागि लैङ्गिक हिंसा उद्धार कोष नियमावली, २०६७ तथा लैङ्गिक हिंसा उद्धार कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्बन्धी मापदण्ड, २०७६ को अधिन एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी त्रियुगा नगरपालिकाले लैङ्गिक हिंसा उद्धार कोष सञ्चालन कार्यविधि, २०७९ तयार गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

क. यो कार्यविधिको नाम "त्रियुगा नगरपालिकाको लैङ्गिक हिंसा उद्धार कोष सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

ख. यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भएपछि लागू हुनेछ ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. "नगरपालिका" भन्नाले त्रियुगा नगरपालिकालाई सम्झनु पर्छ ।

ख "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा उद्धार कोष संझनु पर्दछ ।

ग. "पिडित" भन्नाले लैङ्गिक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

घ. "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य यातना सम्झनु पर्छ ।

ङ. "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसै प्रति शारीरिक, मानसिक, यौनजन्य क्षति वा पिडा पुऱ्याउने कार्य समझनु पर्छ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पिडाजनक वा धम्किपूर्ण व्यवहार, दबाव, करकाप वा स्वेच्छाचारी रुपमा महिला/पुरुषलाई स्वतन्त्रताको उपभोग गर्नबाट बन्चित गर्ने कुनै कार्य समेतलाई जनाउँदछ ।

च. "उद्धार तथा राहत समिति" भन्नाले यस कार्यविधिको दफा ९ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

मिति २०७९/०७/०६ को कार्यपालिका बैठकको निर्णयानुसार प्रमाणित



२०७९/०८/०६
शामि बहादुर बन
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

छ. "राहत" भन्नाले कुनै प्रकारको सहयोग, उद्धार तथा सान्त्वनालाई सम्झनु पर्छ ।

३. कोषको स्थापना

अ. लैङ्गिक हिंसा पिडित र प्रभावितहरुको तत्काल उद्धार गर्न राहत र पुनःस्थापना गर्ने काम समेतका लागि त्रियुगा नगरपालिकाले एक लैंगिक हिंसा उद्धार कोष स्थापना गरेको छ ।

आ. कोषमा देहाए बमोजिमको रकम जम्मा गर्न सकिने छः

क. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम ।

ख. त्रियुगा नगरपालिकाको आन्तरिक श्रोतबाट छुट्ट्याईएको रकम ।

ग. विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम ।

घ. अन्य कुनै आन्तरिक तथा वाह्य श्रोतबाट प्राप्त रकम ।

ङ बैंक खातामा रहेको मौज्दातबाट प्राप्त रकम ।

४. कोषमा रकम जम्मा गर्ने

त्रियुगा नगरपालिकाले प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरी कोषमा रकम जम्मा गर्नु पर्ने छ ।

५. कोषको उपयोग

अ. कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ ।

क. पिडितलाई तत्काल उद्धार गर्न ।

ख. पिडितलाई औषधी उपचार गर्न ।

ग. पिडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पिडकले तत्काल व्यहोर्न नसक्ने भए अदालतको आदेश बमोजिम त्यस्तो पिडितको स्वास्थ्य उपचार गर्न ।

घ. पिडित वा प्रभावित राहत प्रदान गर्न तथा आर्थिक जस्ता सहयोग उपलब्ध गराउन ।

ङ पिडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न ।

च. अल्पकालिन रुपमा महिला सुरक्षा केन्द्र सञ्चालनका लागि माग भई आएमा समितिले आवश्यक ठानेमा आवश्यकता र औचित्यताको आधारमा सेवा केन्द्र सञ्चालनका लागि रकम प्रदान गर्न ।

झ. पिडितका लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य काम गर्न ।

मिति २०७९/०७/०६ को कार्यपालिका बैठकको निर्णयानुसार प्रमाणित

मान बहादुर वन
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि कोष सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पिडित बालबालिका तथा किशोरकिशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्ने छ ।

६. कोषको रकम अन्य कार्यमा खर्च गर्न नसकिने

कोषको रकम दफा ५ बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

७. राहत तथा आर्थिक सहयोग आधार र मापदण्ड

१. त्रियुगा नगरपालिकाले कोषको परिचालन समिति गठन गरी पिडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नु पर्ने छ ।

२. कोष सञ्चालन समितिले उपदफा (१) बमोजिम पिडित र प्रभावितलाई रकम उपलब्ध गराउँदा देहाय बमोजिमको रकमको हद र आधार लिनु पर्छ ।

क. पिडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनःस्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानविय क्षति हुने देखिएमा कोष सञ्चालन समितिले रु. ७,०००।- (सात हजार रुपैया) सम्म नबढ्ने गरी आर्थिक सहयोगको रुपमा दिन सक्नेछ ।

ग. पिडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि रु. ५,०००।- (पाँच हजार रुपैया) मा नबढ्ने गरी लागेको यथार्थ खर्च ।

घ. पिडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा पिडितको सहयोगीहरुलाई सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन रु. ३००।- (तीन सय रुपैया) र बास बस्न पर्ने भए सो बापत छुट्टै रकम दिनु पर्ने भएमा प्रति दिन रु. ५००।- (पाँच सय रुपैया) को दरले लागेको यथार्थ खर्च रकम ।

ङ. पिडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदाजाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन रु. ३००।- (तीन सय रुपैया), अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्न परेमा बास खर्च बापत प्रतिदिन रु. ५००।- (पाँच सय रुपैया) र उपचार गर्दा लागेको यथार्थ रकम ।

च. कोष सञ्चालन समितिले तोके बमोजिमको अन्य कामका लागि कामको प्रकृति, आवश्यकता र औचित्यताको आधारमा बढिमा रु. ५,०००।- (पाँच हजार रुपैया) ।

मिति २०७९/०७/०६ को कार्यपालिका बैठकको निर्णयानुसार प्रमाणित



मान बहादुर वन
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

छ. पिडित र प्रभावितलाई सहयोग बापत तोकिए बमोजिमको रकम समितिको निर्णय अनुसार कार्यालयले चेक/ई-पेमेण्ट मार्फत उपलब्ध गराउने छ । तर तत्काल उद्धार गर्नु पर्ने अवस्था भई रकम उपलब्ध गराउनु पर्ने भएमा संयोजकसँग समन्वय गरी सदस्य सचिवको सिफारिसमा सम्बन्धित शाखाका कर्मचारीले कोषबाट केहि रकम पेश्की लिइ वा आफूसँग भएको रकमबाट यस कार्यविधिमा तोकिए बमोजिमको सिमा भित्र रहि सहायता रकम उपलब्ध गराउन सकिनेछ। त्यसरी उपलब्ध गराएको रकमको भर्पाई र समितिको निर्णय समेत राखि पेश्की फछ्यौंट गर्नु पर्ने छ ।

८. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने

क. यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसूची- १ को ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

ख. उपदफा (क) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा यस कार्यविधिको दफा ७ बमोजिम कोष सञ्चालन समितिले निर्णय गरी उपलब्ध गराउनु पर्नेछ ।

ग. उपदफा (क) बमोजिम प्राप्त निवेदन बमोजिम जाँचबुझ गर्दा पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

९. लैङ्गिक हिंसा उद्धार कोष र तत्काल उद्धार तथा राहत गठन

अ . लैङ्गिक हिंसा उद्धार कोष सञ्चालन तथा तत्काल उद्धार तथा राहत उपलब्ध गर्ने प्रयोजनका लागि एक समिति रहनेछ ।

आ. समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| क. नगर प्रमुख | प्रमुख सल्लाहकार |
| ख. नगर उपप्रमुख | संयोजक |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. सामाजिक विकास समिति संयोजक | सदस्य |
| ङ. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| च. महिला सुरक्षावास ईञ्चार्ज | सदस्य |

मिति २०७९/०७/०६ को कार्यपालिका बैठकको निर्णयानुसार प्रमाणित



मान बहादुर बन
प्रमुख प्रशासकीय अधिकृत

छ. महिला तथा बालबालिकाको सेल प्रमुख — सदस्य

ज. सामाजिक विकास शाखा प्रमुख — सदस्य

झ. लैंगिक फोकल पर्सन — सदस्य सचिव

१०. समितिको काम कर्तव्य र अधिकार

क. लैङ्गिक हिंसा पिडित तथा प्रभावितको उद्धार गर्ने, पुनःस्थापना गर्ने तथा राहत र आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा कार्यक्रम तर्जुमा गर्ने ।

ख. लैङ्गिक हिंसा पिडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पिडित तथा प्रभावितका राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

ग. स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने ।

घ. स्वीकृत कार्यक्रम भए नभएको सम्वन्धमा अनुगमन गर्ने ।

ङ. समितिले आफ्नो कामको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

च. लैङ्गिक हिंसा उद्धारको क्षेत्रमा काम गर्ने निकायसँग समन्वय गर्ने ।

छ. समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने ।

ज. कोषमा रकम वृद्धिका लागि स्रोतको पहिचान गर्ने ।

झ. लैङ्गिक हिंसा पिडित तथा प्रभावित सम्वन्धी अन्य काम गर्ने गराउने ।

११. समितिको बैठक र निर्णय

क. समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

ख. समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा वस्ने छ।

ग. समितिको कूल सदस्य संख्याको ५० प्रतिशत भन्दा वढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिने छ ।

घ. समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितमा सामाजिक समितिका संयोजकले गर्ने छ ।

मिति २०७९/०७/०६ को कार्यपालिका बैठकको निर्णयानुसार प्रमाणित



मान वहादुर वन
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

ङ. समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने छ ।

च. समितिले आवश्यकता अनुसार नगरपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

छ. समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

ज. समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ ।

**१२. समितिको प्रशासनिक खर्च**

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकमको ५ प्रतिशत भन्दा बढी हुने छैन । यसरी खर्च गर्दा अग्रिम रुपमा स्वीकृत गराएर मात्र गर्नु पर्ने छ ।

**१३. खाता सञ्चालन**

क. कोषको रकम त्रियुगा नगरपालिकाको विविध कोष अन्तर्गत रहने छ ।

ख. उपदफा (क) वमोजिम खाता सञ्चालन त्रियुगा नगरपालिकाको प्रचलित नियम अनुसार हुनेछ ।

**१४. कोषको लेखा र लेखा परीक्षण**

कोषको लेखा र लेखा परीक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परीक्षण प्रक्रिया बमोजिम हुनेछ ।

**१५. कोषको रकम फ्रिज नहुने**

कोषको रकम खर्च नभई बांकी रहेको बजेट विविध कोषमा रहने छ ।

**१६. प्रतिवेदन पेश गर्ने**

क. समितिले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

ख. उपदफा (क) वमोजिम समितिले पेश गरेको प्रतिवेदन नगर कार्यपालिकाले सार्वजनिक गर्नेछ ।

**१७. बैठक भत्ता**

समितिको संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए वापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछ ।

मिति २०७९/०७/०६ को कार्यपालिका बैठकको निर्णयानुसार प्रमाणित



०७९/०८/०६

मान बहादुर बन
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

१८. कोषको सचिवालय

कोषको सचिवालय नगर कार्यपालिकाको कार्यालय सामाजिक विकास शाखा अन्तर्गत रहने छ ।

१९. अभिलेख राख्ने

समितिले गरेको कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

२०. निर्देशन दिन सक्ने

क. नगर कार्यपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

ख. उपदफा (क) बमोजिम नगर कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२१. अधिकार प्रत्यायोजन

समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केहि अधिकार समितिको संयोजक, सदस्य वा नगर कार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. कोष खारेज हुन सक्ने

क. कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नदेखिएमा नगर कार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

ख. उपदफा (क) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगर कार्यपालिकाको बैठकबाट हुनेछ ।

२३. संशोधन

यस कार्यविधिमा संशोधन गर्नु पर्ने भएमा समितिको सिफारिसमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

२४. यसै कार्यविधि बमोजिम भएको मानिने

यो कार्यविधि पारित हुनु भन्दा अगावै लैङ्गिक हिंसा उद्धार कोष सञ्चालन सम्बन्धमा नगरपालिकाबाट भए गरेका कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

२५.बाधा अड्काउ फुकाउने

यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध आएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

मिति २०७९/०७/०६ को कार्यपालिका
बैठकको निर्णयानुसार प्रमाणित

०७९।०८।०६

मान बहादुर बन
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

अनुसूची - १

(कार्यविधिको दफा ८ (क) संग सम्वन्धित)

निवेदनको ढाँचा

मितिः .....................

श्री संयोजक ज्यू

लैङ्गिक हिंसा उद्धार कोष र तत्काल उद्धार तथा राहत समिति त्रियुगा नगरपालिका, गाईघाट, उदयपुर

विषयः राहत तथा आर्थिक सहयोग उपलब्ध गराई पाउँ ।

महोदय,

प्रस्तुत विषयमा म निवेदक घरेलु हिंसा/लैङ्गिक हिंसावाट पिडित वालवालिका तथा किशोरकिशोरी वा लैङ्गिक हिंसावाट प्रभावित व्यक्ति भएकाले म पिडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनःस्थापना वा राहत तथा आर्थिक सहयोग आवश्यक परेको हुँदा मैले पेश गरेका कागजातहरु समेतका आधारमा यस कार्यविधिले तोकेको रकम म निवेदकलाई उपलब्ध गराई पाउँ ।

१. संलग्न कागजातहरु

क. नेपाली नागरिकता प्रमाण पत्र/विवाह दर्ता/जन्म दर्ता

ख. सम्वन्धित वडाको सिफारिश

ग. ओसिएमसी/महिला सुरक्षावासको सिफारिश

घ. अन्य

२. यसमा लेखिएको वेहोरा ठीक साँचो छ, झुठा ठहरे कानुन वमोजिम सहुँला वुझाउँला ।

निवेदक नामः

ठेगानाः

मो. नं.

दस्तखतः

मिति २०७९/०७/०६ को कार्यपालिका वैठकको निर्णयानुसार प्रमाणित

७९/०८/०६

मान वहादुर वन
प्रमुख प्रशासकीय अधिकृत



CamScanner